# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## तेइसौं वार्षिक साधारण सभाको

### छलफल तथा निर्णयहरुको विवरण

(माईन्युट)

२०७८ पुस २५ गते आइतबार

## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाडौं

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

तेइसौं वार्षिक साधारण सभाको

छलफल तथा निर्णयहरूको विवरण

(माईन्युट)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०९/०१ मा बसेको संचालक समितिको २८२औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको तेइसौं वार्षिक साधारण सभा २०७८/०९/२५ गते आइतबार (जनवरी ९, २०२२) का दिन अपरान्ह १:०० बजे संस्थाको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा भर्चुअल माध्यमबाट सभा संचालन भयो । कोभिड–१९ संक्रमणको कारणले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्णपालना गरी तेइसौं वार्षिक साधारण सभा संचालन गर्नु पर्ने विशेष परिस्थितिका कारण भर्चुअल माध्यमबाट संचालन हुने व्यवस्था गरी सभा गरिने व्यहोरा उल्लेख गरी मिति २०७८/०९/०३ गते शनिबारको "राजधानी राष्ट्रिय दैनिक" र मिति २०७८/०९/११ गते आइतबारको "अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना प्रकाशित गरी शेयरधनीहरूलाई जानकारी गराइएको थियो ।

१. वैधानिक सभा:

कम्पनी ऐन, २०६३ र संस्थाको नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीको सभापतित्वमा निम्न मिति, समय र स्थानमा भर्चुअल (ZOOM) माध्यमबाट संस्थाको तेइसौं वार्षिक साधारण सभा सम्पन्न भयो । सो सभामा शेयरधनीहरूको उपस्थिति, साधारण सभाको वैधानिकता र छलफलका विषय तथा निर्णयहरू निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति: २०७८ पुस २५ गते, आइतबार (जनवरी ९, २०२२) ।

स्थान: निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय भगवतीबहाल, नक्साल, काठमाडौंको सभाहलमा (भर्चुअल (ZOOM) माध्यमबाट संचालन गरिएको) ।

समय: अपरान्ह १:०० बजे सुरू भई अपरान्ह २:३० बजे सम्पन्न भएको ।

३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको तेइसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७८/०९/०३ गते शनिबारको "राजधानी राष्ट्रिय दैनिक" र मिति २०७८/०९/११ गते आइतबारको "अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनीहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. उपस्थिति:

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित संचालकहरू:

| | |
|---|---|
| ४.१.१ श्री शरद निधि तिवारी | अध्यक्ष |
| ४.१.२ श्री देबेन्द्र बहादुर राउत | संचालक (भर्चुअल माध्यमबाट) |
| ४.१.३ श्री सन्तोष कुमार भट्टराई | संचालक |

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

४.१.४ श्री सुन्दर बास्तोला — संचालक

४.१.५ श्री टोप बहादुर रायमाझी — संचालक

४.१.६ श्री सम्रिता तिवारी — संचालक

४.२ <u>संस्थागत प्रतिनिधिको उपस्थिती</u>:

४.२.१. श्री अन्जु पाण्डे, — प्रतिनिधि, निर्धन संस्था

४.२.२. श्री सन्तोष कुमार भट्टराई, — प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड

४.२.३. श्री सुन्दर बास्तोला — प्रतिनिधि, हिमालयन बैंक लिमिटेड

४.२.४. श्री ईश्वर मान श्रेष्ठ — प्रतिनिधि, नबिल बैंक लिमिटेड (भर्चुअल माध्यमबाट)

४.२.५. श्री सुमोद थापा — प्रतिनिधि, नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. (भर्चुअल माध्यमबाट)

४.२.६. श्री रवि अग्रवाल — प्रतिनिधि, आइ.एफ.सि. (भर्चुअल माध्यमबाट)

४.३ <u>अन्य आमन्त्रित कम्पनीका प्रतिनिधीहरूको उपस्थिति</u>:

४.३.१ श्री अनिल पन्थी, एनआइबिएल एस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौ

४.३.२ श्री विकेश महर्जन, एनआइबिएल एस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौ

४.४ <u>शेयरधनीहरूको उपस्थिति</u>:

भौतिकरूपमा संस्थापक शेयरधनीहरूको उपस्थिति संख्या: ९ जना

भौतिकरूपमा सर्वसाधारण शेयरधनीहरूको उपस्थिति संख्या: ७१ जना

भर्चुअल माध्यमबाट उपस्थिति शेयरधनी संख्या: ३१ जना

**कुल उपस्थित शेयरधनी संख्या: १११ जना**

४.५ <u>कर्मचारीहरूको उपस्थिति</u>:

सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, सहायक महाप्रवन्धक श्री राज नारायण दास, कम्पनी सचिव एवम् का.मु. सहायक महाप्रबन्धक श्री राम बहादुर चौधरी लगायत अन्य व्यवस्थापकिय, सहायक तथा सहयोगी श्रेणीका गरी कुल ३६ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. <u>गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार)</u>:

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम्, भर्चुअल तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | १८,१९२ | १११ | १११ | |
| ग्रहण गरेको कित्ता | १,६९,५०,००० | १,११,४९,९०२ | १,११,४९,९०२ | ६५.७८% |

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

६. <u>सभाको वैधानिकता र अध्यक्षता :</u>

६.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम संस्थाको तेइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरू ८० जना तथा भर्चुअल (Zoom) को माध्यमबाट ३१ जना समेत गरी उपस्थित शेयरधनीहरुको संख्या १११ जना भएको र कुल शेयरको ६५.७८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेकोले कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम अपरान्ह १:०० बजे अध्यक्ष श्री शरद निधि तिवारीको अध्यक्षतामा संस्थाको तेइसौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले उपस्थित सबै शेयरधनी तथा आमन्त्रितहरूलाई स्वागत गर्नुभयो ।

६.४ अध्यक्षले सबै संचालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडी बढाउनुभयो ।

७. **छलफलको विषयहरू**

क. <u>सामान्य प्रस्ताव:</u>

(१) आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

(३) संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १.५५२६३१५७८७६१०६ प्रतिशतले हुन आउने रकम रू.२६,३१७,१०५।२६ (अक्षेरूपी दुई करोड त्रिसट्ठी लाख सत्र हजार एक सय पांच र पैसा छब्बिस मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस, पुल्चोक, ललितपुर पुन:नियुक्तिको लागि योग्य हुनु हुन्छ ।)

(५) संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

ख. <u>बिशेष प्रस्ताव:</u>

(१) यस संस्थाको हाल कायम अधिकृत पूँजी रू.२ अर्ब ५० करोडलाई वृद्धि गरि रू.३ अर्ब पुर्‍याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

काठमाडौं
२०५५
केन्द्रीय कार्यालय

(२) संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ सम्मको वितरण योग्य मुनाफाबाट संस्थाको हाल कायम चुक्ता पूँजीको २९.५ प्रतिशतले हुन आउने रकम रू.५००,०२५,०००।– (अक्षेरूपी पचास करोड पच्चिस हजार मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(३) संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(४) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(५) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

ग. विविध ।

८. सभाको संचालन:

सभाको संचालन संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले गर्नु भएको थियो ।

९. आसन ग्रहण:

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथीहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

१०. स्वागत मन्तव्य:

संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले सभामा भौतिक तथा भर्चुअल माध्यमबाट उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथी, पत्रकार तथा कर्मचारीहरू सबैलाई स्वागत गरी अध्यक्षज्यूको अनुमतिले सभाको शुरूवात गर्नुभयो ।

११. वार्षिक प्रतिवेदनको प्रस्तुति:

संस्थाका संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीले संचालक समितिको तर्फबाट आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो र शेयरधनीहरूलाई अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. छलफलका लागि सहभागी शेयरधनीहरू:

छलफलका लागि प्रस्तुत विषयवस्तु उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनीहरूले भौतिक रूपमा साथै भर्चुअल मार्फत सभामा छलफलमा भाग लिनु भयो ।

१. श्री अमृत नाथ रेग्मी

२. डा. फत्त बहादुर के.सी.

३. श्री राम बहादुर यादव

४. श्री प्रकाश राज शर्मा

५. श्री दामोदर प्रसाद रेग्मी

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय काठमाडौं २०५५

१३. <u>छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:</u>

<u>श्री अमृत नाथ रेग्मी:</u>

- निर्धनको नेटवर्क सबै जिल्लामा छरिएर सेवा दिइरहेकोमा बधाई ज्ञापन गर्नु भयो ।
- आगामी दिनमा वार्षिक प्रतिवेदनमा उल्लेख गरिने रकम पैसामा नभई रूपैयामा उल्लेख गरी तयार गर्न सुझाव दिनु भयो ।
- विपन्न र गरीब समुदायलाई लघुवित्त वित्तीय सेवा दिने संस्थालाई सरकारले संस्थागत कर नलगाउन नेपाल राष्ट्र बैंक र सरकारलाई अनुरोध गर्नुभयो ।
- अहिलेको करिब ४ अर्बको शेयरहोल्डर फण्डलाई २० अर्ब पुऱ्याउने रणनीति बनाउन अनुरोध गर्नुभयो ।

<u>डा. फत्त बहादुर के.सी.:</u>

- लघुवित्तका प्रणेता डा. हरिहरदेव पन्तको दुरदृष्टि र प्रतिवद्धताबाट स्थापित झण्डै ३० वर्षको इतिहास बोकेको देशको अग्रणी लघुवित्त संस्थाको २३औं वार्षिक साधारण सभामा सहभागी हुन पाउँदा खुशी व्यक्त गर्नु भयो ।
- निर्धनले सबै जिल्लामा कार्यालय स्थापना गरेर लाखौंलाई वित्तीय तथा गैरवित्तीय सेवा मार्फत योगदान पुऱ्याउनु गौरवमय रहेकाले संस्थाको कर्मचारी, प्रमुख कार्यकारी अधिकृत र संचालक समिति सबैलाई धन्यवाद दिनुभयो ।
- यस संस्थाले वित्तीय लाभदायकताका साथसाथै सुशासन, पारदर्शिता, सामाजिक उत्थान तथा देशको राजस्वमा महत्वपूर्ण योगदान गरी देशलाई नै ठूलो सहयोग पुऱ्याएको कुरा व्यक्त गर्नुभयो ।
- आ.व. २०७७/७८ सम्मको मूनाफाबाट ३१.०५५ प्रतिशत लाभांश दिन सफल भएकोभन्दा पनि लाखौं परिवारलाई आर्थिक रूपले सक्षम बनाउन सफल भएको कामले धेरै महत्व राख्ने भएकोले यस कार्यलाई निरन्तरता दिन शुभकामना व्यक्त गर्नुभयो ।

<u>श्री राम बहादुर यादव:</u>

- निर्धनको Goodwill लघुवित्त क्षेत्रमा उत्कृष्ट रहेको छ ।
- डा. हरिहरदेव पन्तको सबै जिल्लामा लघुवित्त सेवा पुऱ्याउने सपना पुरा भएको छ ।
- निर्धन सबै लघुवित्त संस्थाको लागि मोडल रूपमा रहेकोले वित्तीय सेवासंगै गैरवित्तीय सेवा तर्फ समेत नेतृत्व प्रदान गर्न सुझाव दिनुभयो ।
- निर्धन उत्थानले वित्तीय सेवा सँगसँगै सीप विकासमा मात्र सिमित नभएर पूर्ण व्यवसायिक प्याकेज सहित वित्तीय तथा गैर वित्तीय सेवा दिन आवश्यक रहेको बताउँनु भयो ।
- संस्थाको मुख्य उद्देश्य मुनाफा कमाउनु नभएर सेवा प्रदान गर्नु रहेकोले बोनस शेयरबाटै पूंजी वृद्धि गर्न सुझाव दिनुभयो ।

<u>श्री प्रकाश राज शर्मा:</u>

- आ.व. २०७७/७८ मा संस्थाले उत्साहजनक उपलब्धि हासिल गरेकोमा त्यसको लागि धन्यबाद ज्ञापन गर्नुभयो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

- संस्था स्थापना हुँदा रू.६७ लाख चुक्ता पूँजी रहेकोमा हाल रू.२ अर्ब १९ करोड पुगेकोमा खुशी व्यक्त गर्दै स्व. डा. हरिहरदेव पन्तको लघुवित्त वित्तीय क्षेत्रमा योगदान उल्लेखनीय तथा अतुलनीय रहेको बताउँनु भयो ।
- संस्थाले आफ्ना बलिया पक्षहरूलाई पहिचान गरेर आफ्नो नेतृत्वदायी भूमिकालाई निरन्तरता दिँदै जाओस् भनि शुभकामना दिनुभयो ।
- विगतमा स्व. डा. हरिहरदेव पन्तले रोपेको सानो विरूवा हाल विशाल वृक्ष भएको देख्न पाएकोमा प्रशंसा गर्नुभयो ।

श्री दामोदर प्रसाद रेग्मी:

- नेपालको लघुवित्त संस्थाहरूको विचमा निर्धन गुरू संस्थाको रूपमा नेतृत्वदायी पहिचान बनाउन सफल भएको ब्यक्त गर्नुभयो ।
- संस्थाको समग्र व्यवसायमा राम्रो Growth रहेको तथा संस्थाको Networth मा वृद्धि भएको तर कर्जा जोखिम व्यवस्था उच्च रहेकोले खराब कर्जा असुली गर्न सुझाव दिनुभयो ।
- गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको वार्षिक वित्तीय विवरणमा धेरै सुधार भएकोमा प्रशंसा गर्नु भयो।
- ऋण नतिर्ने प्रवृतिले ऋणी, संस्था र अन्तमा देशलाई नै समस्या हुने भएकोले त्यस तर्फ ध्यान दिन आग्रह गर्नु भयो ।
- निर्धनलाई उत्थान गर्ने नाम अनुसारको काम गरी देशकै गरीबी उत्थान गर्न सहयोग पुऱ्याएको छ जसबाट पुरै देशवासीले फाईदा लिन पाएकोले निरन्तरताको लागि शुभकामना ब्यक्त गर्नुभयो ।

१४. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ:

अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले शेयरधनीहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यवाद दिदैं उठेका जिज्ञासाहरू प्रष्ट पार्नु भएको थियो। साथै शेयरधनीहरूको राय, सल्लाह र सुझावलाई आत्मसात गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

१५. सभाको निर्णय:

(क) सामान्य प्रस्ताव सम्बन्धी निर्णय:

प्रस्ताव नं. १. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय: सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

निर्णय: लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

लगायतका वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.३. संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १.५५२६३१५७८७६१०६ प्रतिशतले हुन आउने रकम रू.२६,३१७,१०५।२६ (अक्षेरूपी दुई करोड त्रिसठ्ठी लाख सत्र हजार एक सय पांच र पैसा छब्बिस मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

निर्णय: संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १.५५२६३१५७८७६१०६ प्रतिशतले हुन आउने रकम रू.२६,३१७,१०५।२६ (अक्षेरूपी दुई करोड त्रिसठ्ठी लाख सत्र हजार एक सय पांच र पैसा छब्बिस मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

निर्णय: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, गरेको सिफारिस माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको चालु आर्थिक वर्ष २०७८/७९ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स, पुल्चोक ललितपुरले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स, पुल्चोक ललितपुरलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्न तथा प्रतिवेदन अंग्रेजी भाषमा अनुवाद समेत गर्न पारिश्रमिक मुल्य अभिवृद्धि कर (VAT) सहित रु.५,००,०००।- (अक्षरेपी पांच लाख रुपैया मात्र) कायम गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं. ५ संस्थाको संचालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

निर्णय: संस्थाको संचालक समितिका सदस्यहरू एभरेष्ट बैंक लिमिटेडबाट मनोनित भई यस संचालक समितिमा नियुक्त हुनु भएका संचालक श्री सन्तोष कुमार भट्टराई र हिमालयन बैंक लिमिटेडबाट मनोनित भई संचालक समितिमा नियुक्त हुनु भएका संचालक श्री सुन्दर बास्तोलालाई सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले अनुमोदनका लागि प्रस्तुत गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

(ख) <u>विशेष प्रस्ताव सम्बन्धी निर्णय:</u>

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

प्रस्ताव नं.१: यस संस्थाको हाल कायम अधिकृत पूँजी रू.२ अर्ब ५० करोडलाई वृद्धि गरि रू.३ अर्ब पुऱ्याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय: यस संस्थाको हाल कायम अधिकृत पूँजी रु. २ अर्ब ५० करोडलाई वृद्धि गरि रु.३ अर्ब पुऱ्याउने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो।

प्रस्ताव नं.२: संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ सम्मको वितरण योग्य मुनाफाबाट संस्थाको हाल कायम चुक्ता पूँजीको २९.५ प्रतिशतले हुन आउने रकम रू.५००,०२५,०००।- (अक्षेरूपी पचास करोड पच्चिस हजार मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय: संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ सम्मको वितरण योग्य मुनाफाबाट संस्थाको हाल कायम चुक्ता पूँजीको २९.५ प्रतिशतले हुन आउने रकम रू.५००,०२५,०००।- (अक्षेरूपी पचास करोड पच्चिस हजार मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.३: संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

निर्णय: संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.४: संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

निर्णय: साधारण सभामा प्रस्तुत भए अनुसारको संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा देहाय तिन महलेमा उल्लेख भए बमोजिम (प्रबन्धपत्रको दफा ४ को (ज्ञ), दफा ५ को (क), (ख) र (ग) साथै नियमावलीको नियम ३१ को १ (क), (ख) र (ख)१ मा संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

क. **प्रबन्धपत्रमा प्रस्तावित संशोधन सम्बन्धी विवरण**

| प्रबन्धपत्रमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ४. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरू:<br>(ज्ञ) हाल नभएको | दफा ४. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरू:<br>(ज्ञ) नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मोबाईल बैकिङ्ग सेवा संचालन गर्ने । | ग्राहक सदस्यलाई थप सेवा दिन आवश्यक देखिएकोले संशोधन गरिएको । |
| दफा ५. कम्पनीको पूँजीको संरचना:<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(क) कम्पनीको अधिकृत पूँजी रू.२,५०,००,००,०००।- | दफा ५. कम्पनीको पूँजीको संरचना:<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(क) कम्पनीको अधिकृत पूँजी रू.३,००,००,००,०००।- (अक्षरेपी तीन अर्ब रूपैया मात्र) | संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी वृद्धि भएकोले संशोधन |

| | | |
|---|---|---|
| (अक्षरेपी दुई अर्ब पचास करोड रूपैया मात्र) हुनेछ । उक्त पूँजीलाई रू.१००।- का दरले दुई करोड पचास लाख थान साधारण शेयरमा विभाजित गरिएकोछ ।<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रू.१,६९,५०,००,०००।- (अक्षरेपी एक अर्ब उनान्सत्तरी करोड पचास लाख रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रू.१,६९,५०,००,०००।- (अक्षरेपी एक अर्ब उनान्सत्तरी करोड पचास लाख रूपैया मात्र) रहेको छ । | हुनेछ । उक्त पूँजीलाई रू.१००।- का दरले तीन करोड थान साधारण शेयरमा विभाजित गरिएकोछ ।<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रू.२,१९,५०,२५,०००।- (अक्षरेपी दुई अर्ब उन्नाइस करोड पचास लाख पच्चीस हजार रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रू.२,१९,५०,२५,०००।- (अक्षरेपी दुई अर्ब उन्नाइस करोड पचास लाख पच्चीस हजार रूपैया मात्र) रहेको छ । | गरिएको । |

ख. नियमावलीमा प्रस्तावित संशोधन सम्बन्धी विवरण

| नियमावलीमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| <u>नियम ३१. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः</u><br>(१) संचालकले पाउने पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा देहाय बमोजिम हुनेछः<br>(क) संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रू.५,०००।- तथा अन्य संचालकहरूले पाउने बैठक भत्ता रू.४,५००।- हुनेछ ।<br>(ख) कम्पनीको कामको सिलसिलामा भ्रमणमा जानुपर्दा संचालकले स्वदेशभित्र दैनिक रू.२,०००।-, भारतमा भा.रू.२,०००।- र अन्य देशमा अमेरिकी डलर १०० दैनिक भत्ता पाउने छन् । लजिंग खर्च र भ्रमण खर्चको हकमा लागेको खर्चको विल बमोजिम भुक्तानी पाउनेछन ।<br>(ख) (१) काठमाण्डौं उपत्यका बाहिरका संचालकहरूलाई संचालक समितिको बैठकमा संचालक उपस्थित हुन | <u>नियम ३१. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः</u><br>(१) संचालकले पाउने पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा देहाय बमोजिम हुनेछः<br>(क) संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रू.९,०००।- तथा अन्य संचालकहरूले पाउने बैठक भत्ता रू.८,०००।- हुनेछ ।<br>(ख) कम्पनीको कामको सिलसिलामा भ्रमणमा जानुपर्दा संचालकले स्वदेशभित्र दैनिक रू.३,०००।-, भारतमा भा.रू.३,०००।-, भारत बाहेक सार्क देश (राष्ट्र) मा अमेरिकी डलर १०० र अन्य देशमा अमेरिकी डलर २५० दैनिक भत्ता पाउने छन् । लजिंग खर्च र भ्रमण खर्चको हकमा लागेको खर्चको विल बमोजिम भुक्तानी पाउनेछन ।<br>(ख) (१) काठमाण्डौं उपत्यका बाहिरका | संचालकले पाउने भत्ता सुविधा समय सापेक्ष परिमार्जन गर्न आवश्यक देखिएकोले । |

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

